# गौर नगरपालिका कार्यालय

## OFFICE OF THE GAUR MUNICIPALITY

रौतहट,गौर

Rautahat, Gaur

पत्र संख्या:- आ.प्र.शा. ०७२/०७३
चलानी नं.:- 3596

मिति :- २०७३/०३/१३

विषय :- लेखापरीक्षण प्रतिवेदन पठाईएको बारे ।

श्री संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका योजना तथा व्यवस्था शाखा
सिंहदरबार काठमाण्डौ ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व.२०७१/०७२ को आर्थिक कारोबारको श्रेस्ताको अन्तिम लेखापरीक्षण भई प्राप्त भएको लेखापरीक्षण प्रतिवेदन पाना थान ५१ यसै पत्र साथ सम्लग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

बोधार्थ
श्री नेपाल चार्टड एकाउन्टेन्र्स सस्था
बबरमहल,काठमाण्डौ ।
(उल्लेखित लेखापरीक्षण प्रतिवेदन यसै पत्र साथ सम्लग्न राखी पठाईएको छ )

शिवजी प्रसाद राय
कार्यकारी अधिकृत

कार्यकारी अधिकृत

फोन नं. :- ०५५-५२०२९४ (कार्यकारी अधिकृत), ५२०८९३ (प्रशासन शाखा/आ.ले.प. शाखा), ५२०८९४ (आर्थिक प्रशासन शाखा), ५२०३२४ (बारुण यन्त्र)
५२०२९३ (का.अ.निवास), फैक्स नं. :- ०५५-५२०२९२, www.gaurmun.gov.np, email :- gaurnapa@gmail.com, बारुण यन्त्र टोल फ्री नं. :- १०२

Scanned by CamScanner

**M. Sharma and Associates**
**Membership No. 5514**
**COP N0. 1847 B**
**Pan No.100759440**

मिति :- २०७३/०३/१०

श्री गौर नगरपालिकाको कार्यकारी अधिकृत मार्फत गौर नगरपालिका कार्यालय समक्ष प्रस्तुत

## स्वतन्त्र लेखापरीक्षणको प्रतिवेदन

हामीले श्री **गौर नगरपालिका कार्यालय**को २०७२ आषाढ ३२ समाप्त भएको आर्थिक वर्ष २०७१/०७२ को आय-व्यय विवरण र सो लाई पुष्टिगर्ने अन्य विवरण हरुको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तिय विवरणहरु तयार गर्ने उत्तरदायित्व नगरपालिका कार्यालयको रहेको छ । यी विवरण माथी मन्तव्य जारी गर्नु हाम्रो दायित्व हो ।

१. प्रचलित लेखापरिक्षण सिद्धान्तको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तिय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश छ । यसमा हाम्रो मन्तव्य लाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

२. उपरोक्तानुसार वित्तिय विवरणको परीक्षण गरि देहाय बमोजिम प्रतिवेदन प्रस्तुत गरेका छौ ।

क) हामीलाई लेखापरीक्षण गर्न आवश्यक सूचना र स्पष्टिकरणहरु समयमा उपलब्ध भएका छन ।

ख) प्रस्तुत विवरणहरु प्रचलित ऐनको आवश्यकतानुसार तयार गरिएका छन र उक्त नगरपालिकाले राखेको लेखासँग मेल खाने देखिन्छ । यसै साथ संलग्न टिप्पणीहरु तथा विवरण अध्ययन गर्दा प्रस्तुत विवरणहरुले आ. व. २०७१/०७२ को आर्थिक कारोबारहरुको नजिता स्पष्ट हुन्छ ।

ग) नगरपालिकाले दोहोरो श्रेष्ता प्रणाली अनुसार हिसाब र लेखा ठिक सँग राखेको छ । तर नियममा व्यवस्था भएर पनि हाल सम्म Accrual Basis(प्रोदभावी लेखाप्रणाली) मा राख्न सुरुवात गरी नसकेकोले नगरपालिकाको यथार्थ वासलात (सम्पति तथा दायित्वको विवरण) तयार हुन सकेको छैन । यस बाट नगरपालिकाले कसलाई कति तिर्नु छ र को सँग कति लिनु छ सो यथार्थ विवरण उपलब्ध हुन सकेको देखिदैन ।

ङ). लेखापरीक्षणको क्रममा देखिएका अनियमित तथा सुधार गर्नु पर्ने पक्षलाई टिप्पणीमा यसै प्रतिवेदनको अंगको रुपमा राखिएको छ ।

च) हाम्रो रायमा नगरपालिका कार्यालयको आर्थिक कारोबार संचालनको स्थिती सन्तोषजनक छ ।

मिति :- २०७३/०३/१०

स्थान : गौर

**डा. मायाशर्मा**
स्वतन्त्र रजिष्टर्ड लेखापरीक्षक
पेशागत प्रमाणपत्र नं. ख १८४७

Scanned by CamScanner

## लेखापरीक्षणका क्रममा देखिएका टिप्पणीहरु

१. आर्थिक वर्ष २०७१/०७२ मा गौर नगरपालिकाले रु ९७,४१,७१३/७१ बैक मौज्दात अल्या र सो अवधिको आम्दानी रु ९,६०,९८,९३७/२९ गरी जम्मा रु १०,५८,४०,६५१।- आम्दानी देखिन्छ र रु ९,२१,८१,३७८।६१ खर्च भई रु १,३६,५९,२७२/३९ बैक मौज्दात बाँकी देखिन्छ। सो को विवरण अनुसूचीमा संलग्न छ।

२. नगरपालिकाको आन्तरिक आय रु. ६६,०३,८५९/५४ मध्ये रु १९,८१,१५७।८६२ मात्र प्रशासनिक खर्च गर्न पाउने मा रु. ५४०३८५९/५४ भएको देखिन्छ। प्रशासनिक खर्च कम गर्न र नियमानुसार नगरपालिकाले लिन पाउने कर, शुल्क दस्तुरको दर तथा दायरा अभिबृद्धि गर्न र एकिकृत सम्पति कर लगाउन सो सम्बन्धमा आवश्यक पुर्व क्रियाकलापहरु संचालन गरी लागु गर्न ध्यानाकर्षणगर्दछु।

३. आर्थिक वर्षको अन्त्यमा असुली हुन बाँकी मालपोत तथा भुमिकर लगत अद्यावधिक भएको देखिएन। जसले गर्दा सो आर्थिक वर्ष २०७१/०७२ मा असुल हुनु पर्ने यथार्थ आयको आकलन गर्न र असुलीको लागि कति रकम बक्यौता बाँकी छ भन्ने समेत थाहा हुन सकेन।

४. गत आर्थिक वर्षहरुको लेखापरीक्षण प्रतिवेदनले समेत औल्याएका बेरुजु रकम फरफारक गर्नका लागि ध्यानाकर्षण गर्न चाहान्छु। पेश्की बेरुजु विवरण अनुसूचीमा उल्लेख गरिएको छ।

५. धरौटी फिर्ता गर्नु पर्ने रकम समयमा फिर्ता नलगेमा नियमानुसार म्याद समाप्त भई सकेको रकम सदरस्याहा गरी आम्दानी बाध्नु पर्ने देखिन्छ।

६. नगरपालिकाको जिन्सीलाई व्यवस्थित गर्न तथा जिन्सी सफ्ट्वेयर जडान भएको तर प्रयोगमा ल्याएको देखिएन सो सफ्ट्वेयर यथाशिघ्र प्रयोगमा ल्याई भन्डारणलाई चुस्तदुरुस्त गर्न आवश्यक छ। मर्मत गरी प्रयोग गर्न सकिने सामानलाई मर्मत गर्ने र प्रयोगमा आउन नसक्ने पुराना सामानहरुलाई नियमानुसार लिलामी प्रकृया अपनाउन तथा लिलामी हुन नसक्ने र प्रयोगमा आउन नसक्ने सामानलाई आवश्यक प्रकृया पुरा गरी नष्ट गर्नु पर्ने देखिन्छ।

७. पटके सवारी कर ब्यबस्थापनको लागि सुभम निमार्ण सेवा गौर सँग सम्झौता भई रु १२,०१,०००।- मा चलनपुर्जि दिएकोमा सो अबधिमा रु ६,००,३३६। मात्र दाखिला भएको र बाकी रकम रु ६,००,६६४।- असुल उपर हुन पर्ने देखिन्छ।

८. विभिन्न शिर्षक, कार्यक्रम तथा आयोजनाको लागि गएको पेश्की रकम समयमा फछ्र्योटको लागि सम्बन्धित शाखाहरु एंव खास गरी योजना तथा प्राविधिक शाखा र आन्तरिक लेखा परीक्षण शाखाले विशेष ध्यान दिनु पर्ने देखिन्छ। चालु आ. व. मा आ. ले. प. अधिकारी सरोज कुमार लालदासले युनिसेफ तर्फको बाल मैत्री स्थानीय शासन कार्यक्रम सचांलन गर्न रु १,५०,०००।- पेश्की लिएकोमा आ. व. को अन्त सम्म पेश्की बाकी देखिएकोले नियम अनुसार असुल फर्छ्यौट गर्नु पर्ने तथा गत बिगत आ. व. को पेश्की रु ६,४७,३६३।२३ गरी जम्मा रु. ७,९७,३६३/२३ पेश्की फर्छिन बाँकी छ। पेश्कीको सम्बन्ध नगरपालिकाको कार्य सम्पादन मापन सँग सम्बन्धित रहेकोले समेत पेश्की फछ्र्योट तर्फ प्राथमिकता साथ नगरपालिकाले ध्यान दिनु अत्यावश्यक देखिन्छ।

९. अन्त्यमा गत आर्थिक बर्षहरुको लेखा परिक्षण प्रतिवेदनले औल्याएका असुल उपर हुनु पर्ने रकमहरु असुल गर्न तथा सुधार गर्नु पर्ने पक्षहरु सुधार गर्न ध्यानाकर्षण गर्न चाहन्छु।

डा. मायाशर्मा
स्वतन्त्र रजिष्टर्ड लेखापरीक्षक
प्रशागत प्रमाणपत्र नं. ख १८४७

बोधार्थ

- श्री संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौ
- श्री नेपाल चार्टड एकाउन्टेन्र्स संस्था बबरमहल, काठमाण्डौ।

Scanned by CamScanner